**लक्ष्मी बैंक लिमिटेडको**

**अठारौं वार्षिक साधारण सभामा भएको कामकारवाहीको विवरण (माइन्यूट)**

यस लक्ष्मी बैंक लि.का सञ्चालक समितिका अध्यक्ष श्री शम्भु प्रसाद आचार्यज्यूको सभापतित्वमा बैंकको अठारौं वार्षिक साधारणसभा मिति २०७५/१०/२८ गते (तदनुसार फेब्रुअरी ११, २०१९) सोमबार दिनको २:०० बजे देखि ४:४५ बजे सम्म अग्रवाल भवन, कमलपोखरी, काठमाडौंमा सुसम्पन्न भयो । साधारण सभामा उपस्थिति, छलफलका बिषय सूची, सूचना प्रकाशन, गणपूरक संख्या, सभाको बैधानिकता र सभापतित्व, सभा संचालन तथा प्रतिबेदन प्रस्तुति, छलफलमा सहभागिता, छलफलका क्रममा व्यक्त गरिएका मन्तब्य, प्रश्नोत्तर, सभाको निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समेतको निर्णय पूस्तिका (माइन्यूट) देहाय बमोजिम छन् :

१. उपस्थितिः

(क) **सञ्चालकहरुको उपस्थितिः**

| | | |
|---|---|---|
| १) | श्री शम्भु प्रसाद आचार्य | अध्यक्ष |
| २) | श्री दिनेश पौड्याल | सञ्चालक |
| ३) | श्री विश्व करण जैन | सञ्चालक |

(ख) **अन्य पदाधिकारीहरुको उपस्थितिः**

| | | |
|---|---|---|
| १) | श्री अजय विक्रम शाह | प्रमुख कार्यकारी अधिकृत |
| २) | श्री सुमेद भट्टराई | उप प्रमुख कार्यकारी अधिकृत |
| ३) | श्री भुवल राई | प्रमुख सञ्चालन अधिकृत |
| ४) | श्री जिवन प्रकाश लिम्बु | प्रमुख प्रविधि अधिकृत |
| ५) | श्री राजिव सापकोटा | प्रमुख - संस्थागत बैंकिङ्ग तथा व्यवसाय विकास |
| ६) | श्री सञ्जिव राज जोशी | प्रमुख - सामान्य श्रोत तथा सम्पत्ति व्यवस्थापन |
| ७) | श्री अमित सिंह कार्की | प्रमुख - पूर्वाधार तथा प्रोजेक्ट |
| ८) | श्री दिपेश अमात्य | प्रमुख - रिटेल फाइनान्सियल सर्भिस |
| ९) | श्री पियुष राज अर्याल | कम्पनी सचिव/प्रमुख वित्तीय अधिकृत |
| १०) | श्री मनिष राज कुँवर | प्रमुख - कर्पोरेट बैंकिंग |
| ११) | श्रीमति भारती पाण्डे | प्रमुख - रणनीति तथा बजार |
| १२) | श्री अभय राज शर्मा | प्रमुख - जोखिम नियन्त्रण इकाई |
| १३) | श्री मनोहर राज उप्रेती | प्रमुख - आन्तरिक लेखा परिक्षण |
| १४) | श्री शशी सत्याल | वाह्य लेखापरीक्षक |
| १४) | श्री समीर शर्मा | कानूनी सल्लाहकार |

(ग) **सम्बन्धीत निकायका प्रतिनिधीहरुको उपस्थितीः**

| | | |
|---|---|---|
| १) | श्री हरिश चन्द्र श्रेष्ठ | प्रतिनिधी - श्री नागरिक लगानी कोष |

(घ) **शेयरधनीहरुको उपस्थितिः**

| | | | |
|---|---|---|---|
| १) | उपस्थित शेयरधनीहरुको संख्याः | ६९९ | जना |
| | (क) शेयरधनी स्वयंबाट | ६९९ | जना |
| | (ख) प्रतिनिधि (प्रोक्सी) बाट | - | जना |
| २) | शेयरको प्रतिनिधित्व संख्या | ४,९३,२१,४२९ | कित्ता |
| ३) | शेयर संख्याको प्रतिनिधित्व प्रतिशत | ६०.०१ | प्रतिशत |

(ङ) यो सभाको मिति सम्ममा कायम रहेका ४३,३०३ जना शेयरधनीहरु सभामा सहभागि हुन र मतदान गर्न योग्य थिए ।

**२. छलफलका बिषयहरुः**

(क) **सामान्य प्रस्ताव**

(१) अठारौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७४/०७५ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु (सहायक कम्पनी समेत) छलफल गरी स्वीकृत गर्ने ।

(३) बैंकको लेखा परीक्षण समितिको सिफारिश वमोजिम आ.व. २०७५/०७६ को लागि लेखा परीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ०.४५ प्रतिशतका दरले रु ३,६७,८१,१४२।०० (अक्षेरपि रु. तीन करोड सत्सट्ठी लाख एकासी हजार एक सय बयालिस मात्र) बराबर नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि) वितरण गर्ने ।

(ख) **विशेष प्रस्ताव**

(१) बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको हालको चुक्ता पूँजीको ८.५० प्रतिशतका दरले रु ६९,८८,४१,६९१।०० (अक्षेरपि रु. उनान्सत्तरी करोड अठासी लाख एक्चालिस हजार छ सय एकानब्बे मात्र) बराबरको बोनस शेयर जारी गर्ने ।

(२) उल्लिखित बोनस शेयर जारी गर्नका लागि आवश्यक हदसम्म जारी तथा चुक्ता पुँजी वृद्धि गर्ने ।

(३) बैंकको प्रबन्धपत्रमा उल्लिखित उद्देश्यमा देहायबमोजिमको कार्यहरु थप गर्ने :

१. प्रचलित कानुनको अधिनमा रही अन्य संगठित संस्थाको शेयर तथा डिवेन्चर निष्काशनको अन्डरराइट गर्ने ।

(४) सोह्रौ वार्षिक साधारण सभाबाट पारित भएबमोजिम बैंकको प्रबन्धपत्रमा उल्लिखित उद्देश्यमा "प्रचलित कानुनको अधिनमा रही आवश्यकता बमोजिम नियमनकारी निकायको स्वीकृति लिई बैंकले आफैं वा कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानीमा वा सञ्चालनमा रहेको कुनै कम्पनीको पुरै वा अशिंक शेयर खरिद गरी वा सहायक कम्पनी स्थापना गरी जीवन बीमा, निर्जिवन बीमा, पुनर्बीमा, भेन्चर क्यापिटल/प्राइभेट इक्विटि/ हेज फण्ड, क्रेडिट रेटिंग, धितोपत्र दलाल (Stock Broker), धितोपत्र बजार (Stock Exchange), फिन्टेक (Fintech) सम्बन्धी सेवा लगायतका कार्यहरु गर्ने ।" थप गर्ने निर्णयलाई निरन्तरता दिने ।

(५) बुँदा नं. (१), (२), (३) र (४) सम्बन्धी प्रस्ताव कार्यान्वयनका लागि बैंकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी

निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संसोधन/समायोजन गर्न बैंकको सञ्चालक समिति (वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारी) लाई अख्तियारी दिने ।

(६) लक्ष्मी बैंक र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अन्य कुनै संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई दिइएको अख्तियारी लाई निरन्तरता दिने ।

**(ग) विविध**

**३. सूचना प्रकाशनः**

सञ्चालक समितिको मिति २०७५ साल माघ ३ गते बिहिबार तदनुसार १७ जनवरी २०१९ मा बसेको २११औं बैठकको निर्णय अनुसार तथा कम्पनी कानूनमा भएको व्यवस्था बमोजिम यस लक्ष्मी बैंकको अठारौं वार्षिक साधारण सभा मिति २०७५ साल माघ महिना २८ गते सोमबार तदनुसार ११ फेब्रुअरी २०१९ मा वस्ने सूचना तथा बैंकको अठारौं बार्षिक प्रतिबेदन शेयरधनी महानुभावहरुको ठेगानामा पठाइएको थियो र मिति २०७५ माघ ४ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक, माघ ८ गतेको कारोबार राष्ट्रिय दैनिक र माघ २८ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा सो व्यहोराको सूचना प्रकाशित गरिएको थियो साथै बैंकको Website मा पनि सभा सम्बन्धी विवरणहरु राखिएको थियो ।

**४. गणपुरक संख्याः**

| विवरण | कुल संख्या | स्वयं उपस्थित | प्रतिनिधी मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | ४३,३०३ | ६९९ | - | ६९९ | १.६१% |
| शेयर संख्या | ८,२२,१६,६६९.५१ | ४,९३,२१,४२९ | - | ४,९३,२१,४२९ | ६०.०१% |

**५. सभाको बैधानिकता तथा सभापतित्वः**

साधारण सभा हुनु अघि कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरुलाई बैंकको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावलीको नियम ५ बमोजिम शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या पर्याप्त रहेको ब्यहोरा सभालाई अवगत गराउनु भयो । साथै सञ्चालकहरु श्री सुशिल कुमार अर्याल र श्रीमति स्वाती रुङ्टा भिडियो कन्फेरेन्सको माध्यमबाट उपस्थित रहेको व्यहोरा समेत जानकारी गराउँदै सञ्चालक समितिका अध्यक्ष श्री शम्भु प्रसाद आचार्यज्यूलाई वैधानिक प्रकृया पुरा भएकोले सभा संचालन गर्न अनुरोध गर्नुभयो ।

**६. सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुतिः**

बैंकका अध्यक्ष एवं सभाका सभापति श्री शम्भु प्रसाद आचार्यज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै सञ्चालक समितिको तर्फबाट मन्तव्य प्रस्तुत गर्नु भयो ।

तत्पश्चात सभापतिज्यूले सभा समक्ष सञ्चालक समितिको प्रतिवेदन सहितको बैंकको आ.ब. २०७४/२०७५ को लेखापरीक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण छलफलका लागि प्रस्तुत गर्नु भई सो उपरको छलफलमा भाग लिन तथा बैंकको कारोवार सम्वन्धी विविध पक्षहरुमा आफ्नो सुझाव, विचार, मन्तव्य तथा जिज्ञासाहरु ब्यक्त गर्नको लागि शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भयो ।

**७. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु :**

छलफलका क्रममा निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो राय, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्नु भयो ।

| | | | | |
|---|---|---|---|---|
| १. | श्री अमृत नाथ रेग्मी | | ७. | श्री कुबेर श्रेष्ठ |
| २. | श्री व्यास कुमार शर्मा | | ८. | श्री दामोदर प्रसाद रेग्मी |
| ३. | अधिवक्ता अशोक उप्रेति | | ९. | श्री उद्धव प्रसाद घिमिरे |
| ४. | श्री भक्ति प्रसाद उप्रेति | | १०. | श्री जयन्द्रमान सिंह वानियाँ |
| ५. | श्री डमरु बल्लभ घिमिरे | | ११. | श्री चन्द्रनारायण श्रेष्ठ |
| ६. | श्री शिवप्रसाद पौडेल | | | |

**८. शेयरधनी महानुभाबहरुले प्रस्तुत गर्नु भएको राय, जिज्ञासा, मन्तव्य तथा सुझावहरुको वारेमा अध्यक्षज्यू तथा प्रमुख कार्यकारी अधिकृतज्यूले देहाय वमोजिम जवाफ दिनु भयो ।**

१. यस वर्ष प्रस्तावित ८.५ प्रतिशत बोनस शेयरका लागि धन्यवाद । भविष्यमा अझ बढी लाभांश वितरण गर्ने रणनीति बनाई काम गर्नुपर्‍यो ।

- धन्यवाद । आफ्नो व्यवसायलाई दिगो रुपमा विस्तार गर्दै Organic Growth का साथै Inorganic Growth को माध्यमबाट शेयरधनीहरुलाई उच्चतम प्रतिफल दिनु नै हाम्रो प्रमुख उद्देश्य हो ।

२. बैंकको सम्पूर्ण वित्तीय परिसूचकहरु तथा समग्र वृद्धि सकारात्मक छन् । कर्जा, निक्षेप, लगानी, सञ्चालन तथा खुद मुनाफा लगायत सम्पूर्ण वासलातको आकारमै वृद्धि गर्न सफल हुनु सकारात्मक छ । यो वृद्धिलाई आगामी दिनमा पनि निरन्तरता दिनुपर्‍यो ।

- सुझावको लागि धन्यबाद ।

३. नवनियुक्त प्रमुख कार्यकारी अधिकृतलाई हार्दिक बधाई । यहाँको कार्यकालमा बैंकको समग्र वृद्धिले थप गति लिई बैंकले उत्तरोत्तर प्रगति गरोस । सफल कार्यकालको शुभकामना ।

- धन्यवाद ।

४. बैंकले NFRS बमोजिम वित्तीय विवरण तयार गर्न सफल भएकोमा हार्दिक बधाई । भविष्यमा पनि Best Accounting Practices हरु अवलम्बन गर्दै लैजानु पर्‍यो ।

- सुझावको लागि धन्यबाद ।

५. NFRS कार्यान्वयनका कारण साधारण सभा सम्पन्न गर्न केही ढिलाइ हुनु स्वभाविक हो । भविष्यमा भने समयमै साधारण सभा गर्न बैंक अग्रसर हुनुपर्‍यो ।

- धन्यवाद । आगामी वर्षहरुमा यथाशिघ्र साधारण सभा सञ्चालन गर्न बैंक प्रतिबद्ध छ ।

६. पछिल्लो समय सञ्चार माध्यममा बैंकको मर्जरसम्बन्धी धेरै समाचारहरु आएका थिए । यसको पछिल्लो स्थितिबारे जानकारी गराउनु पर्‍यो ।

- हालको परिस्थितिमा बैंकलाई प्रतिष्पर्धात्मक रुपमा सबल बनाई अगाडी बढाउन Merger/ Acquisition लाई पनि एक विकल्पको रुपमा राखेका छौं । यसै सिलसिलामा केही बैंक तथा वित्तीय संस्थासँग छलफल अगाडी बढे पनि कुनै निश्चित संस्थासँग Merger/ Acquisition गर्ने भन्ने यकिन भएको छैन । यस सम्बन्धमा केही ठोस निश्कर्षमा पुगिएमा साधारण सभामार्फत शेयरधनीहरुलाई जानकारी गराइने नै छ ।

७. बैंकको पूँजी अनुपातलाई सुदृढ गरी व्यवसाय विस्तार गर्न ऋणपत्र निष्काशन गर्ने तर्फ पहल गर्नुपर्‍यो ।

- सुझावको लागि धन्यवाद । बैंकको भविष्यको व्यवसाय विस्तार योजनालाई सहयोग पुग्ने गरी ऋणपत्र जारी गर्ने हाम्रो योजनामै रहेको छ ।

८. बैंकको इक्विटि लगानी उत्साहजनक रहेको छ । यसलाई अझ वृद्धि गर्दै लैजानुपर्‍यो । साथै समयानुकूल Entry र Exit मार्फत लाभ पनि लिनुपर्‍यो ।

- धन्यवाद । समग्र बजारको स्थितिलाई दृष्टिगत गर्दै लगानीको पोर्टफोलियो व्यवस्थापन गर्ने र समुचित लाभ हासिल गर्ने बैंकको प्राथमिकता रहेको छ ।

९. खराब कर्जा र कर्जा नोक्सानी व्यवस्थालाई कम गर्नेतर्फ ध्यान दिनुपर्‍यो ।

- यसतर्फ थप ध्यान दिई आवश्यक पहल जारी राखिने छ ।

१०. बैंकले Fraction Share लाई सम्बन्धित शेयरधनीकै खातामा जम्मा हुने गरी आवश्यक व्यवस्था गर्नुपर्‍यो ।

- सुझावका लागि धन्यवाद । बैंकको शेयरधनीको संख्या बढी भएकाले थप रकम लिएर Fraction लाई पुरा शेयरमा परिणत गर्न सम्भव नभएकाले भविष्यमा बैंकले नगद लाभांश घोषणा गरेमा सोहीबाट समायोजन हुने गरी Fraction Share लाई पुरा शेयरमा परिणत गर्ने तर्फ विचार गर्नेछौं ।

११. अपलेखित कर्जा उठाउने तर्फ आवश्यक पहल गर्नुपर्‍यो ।

- सुझावको लागि धन्यवाद । अपलेखित कर्जा उठाउन आवश्यक कानूनी प्रक्रियाहरु जारी नै छन् ।

१२. नेपाल राष्ट्र बैंकले नियामक कोष (Regulatory Reserve) को प्रावधान खडा गरी बैंकले कमाएको नाफा समेत शेयरधनीलाई बाँड्न नपाउने व्यवस्था गरेको छ । सोलाई खारेज गरी नियामक कोष (Regulatory Reserve) को रकम समेत लाभांश बाँड्न पाउने गरी आवश्यक पहल गर्नुपर्‍यो ।

- नियमनकारी निकायले तोकेको प्रावधान भएको हुनाले यसमा बैंकले बोलिरहनु परेन । नेपाल राष्ट्र बैंकबाट यस सम्बन्धमा फरक निर्देशन प्राप्त भएमा सोही अनुरुप गरिने नै छ ।

१३. बैंकले दुर्गम क्षेत्रहरुमा शाखा खोलेर आफ्नो उपस्थिति जनाउनु सकारात्मक छ । यसलाई निरन्तरता दिंदै बैंकिंग पहुँच नपुगेका ग्रामीण तथा भित्री शहरी क्षेत्रमा शाखा खोल्न प्राथमिकता दिनु पर्‍यो ।

- सुझावका लागि धन्यवाद । शाखा सञ्जाल लाई अझ विस्तार गरी धेरै भन्दा धेरै ग्राहकहरुमा वित्तीय पहुँच पुर्‍याउन हामी अग्रसर छौं ।

१४. बैंकले संस्थागत सामाजिक उत्तरदायित्वमा गरेको खर्च प्रशंसायोग्य छ । यसलाई अझ व्यवस्थित गर्दै लैजानुपर्‍यो ।

- धन्यवाद । बैंकले संस्थागत सामाजिक उत्तरदायित्वको कार्यक्रमलाई व्यवस्थित गर्न आन्तरिक नीति तर्जुमा गरी लागू गरीसकेको छ ।

१५. बैंकको सञ्चालनलाई अझ प्रभावकारी बनाउन तथा आफ्नो सेवालाई ग्राहकमैत्री बनाउन कर्मचारीलाई थप तालिमको व्यवस्था गरियोस ।

- धन्यवाद । आफ्ना कर्मचारीको क्षमता अभिवृद्धिका लागि आन्तरिक तथा वाह्य तालिमको व्यवस्था गर्ने कार्य सदैव बैंकको उच्च प्राथमिकतामा रहेको छ ।

१६. सूचना प्रविधि सम्बन्धी जोखिम न्युनिकरणका लागि बैंकले के-कस्ता रणनीति लिएको छ, प्रकाश पारिदिनु पर्‍यो ।

- सूचना प्रविधि जोखिम नियन्त्रणका लागि हामीले छुट्टै विभाग खडा गरी काम गरिरहेका छौं । यसै वर्ष हामीले आफ्नो सूचना प्रविधि प्रणालीको परिक्षण गर्न अन्तराष्ट्रिय रुपमा ख्यातिप्राप्त KPMG India बाट Information System Audit (IS Audit) गराएको छौं । सोबाट प्राप्त प्रतिवेदन अनुसार बैंकको विद्यमान सूचना प्रविधि प्रणाली सुरक्षित रहेको छ । यद्यपि सूचना प्रविधि गतिशिल हुने हुँदा सोसम्बन्धमा बेलाबखत आइपर्ने जोखिमबाट बैंकलाई सुरक्षित बनाउन प्रणालीमा आवश्यक सुधार गर्दै लैजान बैंक सजग रहेको व्यहोरा अवगत गराउँदछु ।

१७. बैंकको सहायक कम्पनीको वित्तीय अवस्थाको बारेमा समेत वार्षिक प्रतिवेदनमा थप उल्लेख गर्नुपर्‍यो ।

- सुझावका लागि धन्यवाद । यसतर्फ आगामी वर्ष ध्यान दिनेछौं ।

१८. बैंकले आफ्नो बजार विस्तारका लागि विज्ञापन तथा प्रचारप्रसारमा थप ध्यान दिनुपर्‍यो ।

- सुझावका लागि धन्यवाद । यसतर्फ थप ध्यान पुर्‍याउने छौं ।

९.	**प्रस्ताव माथि छलफल तथा निर्णयहरुः**

(क)	**सामान्य प्रस्तावः**

(१)	अठारौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने :

सभाका अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको सञ्चालक समितिको अठारौं वार्षिक प्रतिवेदन माथि छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(२)	लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७४/०७५ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु (सहायक कम्पनी समेत) छलफल गरी स्वीकृत गर्ने :

लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७४/०७५ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु (सहायक कम्पनी समेत) छलफल गरी स्वीकृत गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(३)	बैंकको लेखा परीक्षण समितिको सिफारिश वमोजिम आ.व. २०७५/०७६ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने :

बैंकको लेखापरीक्षण समितिको सिफारिश वमोजिम आ.व. २०७५/०७६ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धी प्रस्ताव उपर छलफल गर्दा बैंकको लेखा परिक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७४/७५ को वित्तीय विवरणको लेखापरीक्षण, लङ्गफर्म अडिट रिपोर्ट, कर लेखापरीक्षण, कम्पनी ऐनको दफा ७८ अनुसारको विवरण प्रमाणीकरण समेत गर्नको लागि आर्थिक वर्ष २०७४/७५ कै लेखापरिक्षण शुल्कमा नबढ्ने गरी श्री जे. बी. राजभण्डारी एण्ड डिबिन्स, चार्टड एकाउण्टेण्ट लाई नियुक्त गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(४)	बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ०.४५ प्रतिशतका दरले रु ३,६७,८१,१४२।०० (अक्षेरपि रु. तीन करोड सत्सट्ठी लाख एकासी हजार एक सय बयालिस मात्र) बराबर नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि) वितरण गर्ने :

बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ०.४५ प्रतिशतका दरले रु ३,६७,८१,१४२।०० (अक्षेरपि रु. तीन करोड सत्सट्ठी लाख एकासी हजार एक सय बयालिस मात्र) बराबर नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि) वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(ख) **विशेष प्रस्ताव**

(१) बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको हालको चुक्ता पूँजीको ८.५० प्रतिशतका दरल रु ६९,८८,४१,६९१।०० (अक्षेरपि रु. उनान्सत्तरी करोड अठासी लाख एक्चालिस हजार छ सय एकानब्बे मात्र) बराबरको बोनस शेयर जारी गर्ने :

बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको हालको चुक्ता पूँजीको ८.५० प्रतिशतका दरल रु ६९,८८,४१,६९१।०० (अक्षेरपि रु. उनान्सत्तरी करोड अठासी लाख एक्चालिस हजार छ सय एकानब्बे मात्र) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(२) उल्लिखित बोनस शेयर जारी गर्नका लागि आवश्यक हदसम्म जारी तथा चुक्ता पुँजी वृद्धि गर्न स्वीकृती प्रदान गर्ने :

उल्लिखित विशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर जारी गर्नको लागि बैंकको जारी पूँजी वृद्धि गर्न **प्रबन्धपत्रपत्रको दफा ५ को उपदफा** (२) मा साविकको व्यवस्था हटाई निम्न बमोजिमको व्यवस्था गर्ने सर्वसम्मतबाट निर्णय गरियो :

"बैंकले तत्काल जारी गर्ने शेयर पूँजी रु. ८,९२,०५,०८,६४२/- (अक्षरेपी आठ अर्ब बयानब्बे करोड पाँच लाख आठ हजार छ सय बयालिस मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- का दरले ८,९२,०५,०८६।४२ (अक्षरेपी आठ करोड बयानब्बे लाख पाँच हजार छयासी दशमलव बयालिस मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।"

उल्लिखित विशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर जारी गर्नको लागि बैंकको चुक्ता पूँजी वृद्धि गर्न **प्रबन्धपत्रपत्रको दफा ५ को उपदफा** (३) मा साविकको व्यवस्था हटाई निम्न बमोजिमको व्यवस्था गर्ने सर्वसम्मतबाट निर्णय गरियो :

"बैंकको तत्काल चुक्ता पूंजी रु. ८,९२,०५,०८,६४२/- (अक्षरेपी आठ अर्ब बयानब्बे करोड पाँच लाख आठ हजार छ सय बयालिस मात्र) हुनेछ ।"

(३) बैंकको प्रबन्धपत्रमा उल्लिखित उद्देश्यमा देहायबमोजिमको कार्यहरु थप गर्ने :
१. प्रचलित कानुनको अधिनमा रही अन्य संगठित संस्थाको शेयर तथा डिवेन्चर निष्काशनको अन्डरराइट गर्ने ।

उल्लिखित प्रस्ताव उपर छलफल गर्दा बैंकको **प्रबन्धपत्रको दफा ४ को खण्ड (च)** को उपदफा ५(क) पछाडि देहाय बमोजिम ५(ख) थप गर्ने प्रस्ताव सर्वसम्मतबाट पारित गरियो :

"५(ख) प्रचलित कानुनको अधिनमा रही अन्य संगठित संस्थाको शेयर तथा डिवेन्चर निष्काशनको अन्डरराइट गर्ने ।"

(४) सोह्रौ वार्षिक साधारण सभाबाट पारित भएबमोजिम बैंकको प्रबन्धपत्रमा उल्लिखित उद्देश्यमा "प्रचलित कानुनको अधिनमा रही आवश्यकता बमोजिम नियमनकारी निकायको स्वीकृति लिई बैंकले आफैं वा कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानीमा वा सञ्चालनमा रहेको कुनै कम्पनीको पुरै वा अशिंक शेयर खरिद गरी वा सहायक कम्पनी स्थापना

गरी जीवन बीमा, निर्जिवन बीमा, पुनर्बीमा, भेन्चर क्यापिटल/प्राइभेट इक्विटि/ हेज फण्ड, क्रेडिट रेटिंग, धितोपत्र दलाल (Stock Broker), धितोपत्र बजार (Stock Exchange), फिन्टेक (Fintech) सम्बन्धी सेवा लगायतका कार्यहरु गर्ने ।" थप गर्ने निर्णयलाई निरन्तरता दिने ।

उल्लिखित प्रस्ताव उपर छलफल गर्दा बैंकको **प्रबन्धपत्रको दफा ४ को खण्ड (च)** को उपदफा ५(ख) पछाडि देहाय बमोजिम ५(ग) थप गर्ने प्रस्ताव सर्वसम्मतबाट पारित गरियो :

"५(ग) प्रचलित कानुनको अधिनमा रही आवश्यकता बमोजिम नियमनकारी निकायको स्वीकृति लिई बैंकले आफैं वा कुनै स्वदेशी वा विदेशी फर्म, कम्पनी, संघ संस्थासँग संयुक्त लगानीमा वा सञ्चालनमा रहेको कुनै कम्पनीको पुरै वा अशिंक शेयर खरिद गरी वा सहायक कम्पनी स्थापना गरी जीवन बीमा, निर्जिवन बीमा, पुनर्बीमा, भेन्चर क्यापिटल/प्राइभेट इक्विटि/हेज फण्ड, क्रेडिट रेटिंग, धितोपत्र दलाल (Stock Broker), धितोपत्र बजार (Stock Exchange), फिन्टेक (Fintech) सम्बन्धी सेवा लगायतका कार्यहरु गर्ने ।"

(५) बुँदा (१), (२), (३) र (४) बमोजिमको प्रस्ताव कार्यान्वयनका लागि बैंकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संसोधन/समायोजन गर्न बैंकको सञ्चालक समिति (वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारी) लाई अख्तियारी दिने :

बुँदा (१), (२), (३) र (४) बमोजिमको प्रस्ताव कार्यान्वयनका लागि बैंकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संसोधन/समायोजन गर्न बैंकको सञ्चालक समिति (वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारी) लाई अख्तियारी दिने सम्बन्धमा छलफल गर्दा बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्न तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संसोधन/समायोजन गर्न बैंकको सञ्चालक समिति (वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारी) लाई अख्तियारी दिने समेत निर्णय गरियो ।

(६) लक्ष्मी बैंक र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अन्य कुनै संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई दिइएको अख्तियारी लाई निरन्तरता दिने :

लक्ष्मी बैंक र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अन्य कुनै संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई दिइएको अख्तियारी लाई निरन्तरता दिने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**(ग) विविध**

विविध शीर्षक अन्तर्गत कुनै विषयमा छलफल नभएको ।

१०. **धन्यवाद ज्ञापनः**

अध्यक्षज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, पत्रकारहरु, बैंकका कर्मचारीहरु तथा अन्य संघ संस्थाबाट पाल्नुभएका पदाधिकारीहरुज्यूहरु एवं यो साधारणसभा सफल गराउन सहयोग गर्नु हुने सवैलाई धन्यवाद दिदै सभा विर्सजन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| पियूष राज अर्याल | शम्भु प्रसाद आचार्य |
| कम्पनी सचिव | सभापति/ सञ्चालक समितिका अध्यक्ष |

मितिः २०७५/१०/२८